त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

मिति :- २०८१/०८/०२

विषयः बैठकको निर्णय सार्वजनिक गरिएको ।

यस गाउँपालिकाको कार्यपालिकाको मिति २०८१ कार्तिक ३० गतेको छैटौं बैठकका महत्वपूर्ण निर्णयहरुको संक्षिप्त व्यहोरा सरोकारवालाहरुको जानकारीको लागि तपसिल अनुसार सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | • संघीय र प्रदेश सरकारका कार्यालयहरुबाट यस गाउँपालिकामा सञ्चालनको शुभारम्भ भई हाल विभिन्न कारणले अलपत्र अवस्थामा रहेका योजनाहरुलाई यथाशीघ्र सम्पन्न गराउनको लागि सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराउने । | |
| २ | • संघ र प्रदेश सरकारवाट यस गाउँपालिकामा सञ्चालन हुनेगरी स्रोत सुनिश्चित भएका ठूला पूर्वाधार योजनाहरुको डि.पि.आर. प्रकृया अगाडि बढाउने । | |
| ३ | • त्रिवेणी घर्ती कनस्ट्रक्सन प्रा.लि. लाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने, न्यू सगरमाथा निर्माण सेवाको ठाउँसारी तथा नामसारी गर्ने । | |
| ४ | • ज्यालादारीमा सरसफाइकर्मीको कामकाज गरिरहेका मिन बहादुर डाँगीलाई सर्पले टोकेकोले निज काममा नआउँदासम्म भूमिसरा डाँगीलाई कामकाजमा लगाउने । | |
| ५ | • जल उपभोक्ता संस्था दर्ता र जलस्रोत उपयोग अनुमति पत्रको लागि निवेदन दिएका चेत्रे सिंचाई लिफ्टिङ उपभोक्ता संस्था, ज्याङखोला लिफ्टिङ खानेपानी उपभोक्ता संस्था, झाक्रिपानी सुपखोला लिफ्टिङ खानेपानी उपभोक्ता संस्था र पारेखोला तिकिनभिर तमीडाँडा कोइला खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको दर्ता र अनुमति प्रकृया अगाडि बढाउने । | |
| ६ | • सिवाङखोला, दुम्लो दोभान, सिवाङ र चक्री दोभान र रातोपहरा खोला क्षेत्रबाट अधिकतम ५५०० घनमिटर ढुंगा गिट्टी र बालुवाको रु. ११ लाख ७० हजारमा नघट्ने गरी ठेक्का आह्वान गर्ने । | |
| ७ | • तिला स्थित नागरिक आरोग्य केन्द्रमा कार्यरत कार्यालय सहयोगीलाई सेवामा निरन्तरता दिनको लागि आवश्यक पहल गर्ने । | |
| ८ | • वडा समितिबाट शीर्षक संशोधन तथा रकमान्तरको लागि सिफारिस गरिएका योजना तथा कार्यक्रमहरुलाई गाउँसभाको हिउँदे अधिवेशनबाट अनुमोदन हुनेगरी कार्यान्वयन गर्ने । | |

(कविराज बुढा)

प्रवक्ता

Toll Free No. : +977-16608644965 | Phone No.: +977-9857824585
Website : http://www.trivenimunrolpa.gov.np | Email : info@trivenimunrolpa.gov.np